मिर्चैया नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

मधेश प्रदेश

**मिति २०८०/०६/०८ गते बसेको ६१ औ नगर कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरुः**

मिति २०८०/०६/०८ गते गते सोमबारका दिन यस मिर्चैया नगरपालिकाको नगर प्रमुख श्री श्रवण कुमार यादवज्यूको अध्यक्षता तथा नगर कार्यपालिका सदस्य ज्यूहरुको उपस्थितीमा वैठक बसी तपसिल वमोजिमको प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

**उपस्थिती**

| | | |
|---|---|---|
| १.नगर प्रमुख | श्री श्रवण कुमार यादव | -अध्यक्ष |
| २. नगर उप प्रमुख | श्री जिबछी देवी साह | -सदस्य |
| ३.वडा अध्यक्ष वडा नं.१ | श्री रुपेश कुमार महतो | -सदस्य |
| ४.वडा अध्यक्ष वडा नं.२ | श्री हरिराम श्रेष्ठ | -सदस्य |
| ५.वडा अध्यक्ष वडा नं.३ | श्री पबित्रि देवी यादव | -सदस्य |
| ६.वडा अध्यक्ष वडा नं.४ | श्री दिलिप कुमार सिंह | -सदस्य |
| ७.वडा अध्यक्ष वडा नं.५ | श्री प्रदिप कुमार साह | -सदस्य |
| ८.वडा अध्यक्ष वडा नं.६ | श्री राम प्रकाश महासेठ | -सदस्य |
| ९.वडा अध्यक्ष वडा नं.७ | श्री राम दयाल ठाकुर बरही | -सदस्य |
| १०.वडा अध्यक्ष वडा नं.८ | श्री बिरेश्वर यादव | -सदस्य |
| ११.वडा अध्यक्ष वडा नं.९ | श्री दिनेश कुमार मण्डल | -सदस्य |
| १२.वडा अध्यक्ष वडा नं.१० | श्री संजय कुमार साह | -सदस्य |
| १३.वडा अध्यक्ष वडा नं.११ | श्री चन्द्रदिप कुमार यादव | -सदस्य |
| १४.वडा अध्यक्ष वडा नं.१२ | श्री मनेलाल यादव | -सदस्य |
| १५.कार्यपालिका सदस्य | श्री विनोद प्रसाद महतो | -सदस्य |
| १६. कार्यपालिका सदस्य | श्री रामवृक्ष महरा | -सदस्य |
| १७.कार्यपालिका सदस्य | श्री दिपेश कुमार सिंह | -सदस्य |

| | | |
|---|---|---|
| १८.महिला कार्यपालिका सदस्य | श्री जरिना खातुन | -सदस्य |
| १९.महिला कार्यपालिका सदस्य | श्री अनिता देवी कापैर | -सदस्य |
| २०.महिला कार्यपालिका सदस्य | श्री आशा कुमारी यादव | -सदस्य |
| २१.महिला कार्यपालिका सदस्य | श्री निर्मला विश्वकर्मा | -सदस्य |
| २२.महिला कार्यपालिका सदस्य | श्री नरघिमा लामा | -सदस्य |
| २३.प्रमुख प्रशासकीय अधिकृत | श्री बिष्णु रंजन बराल | -सचिब |

**प्रस्ताव न.१. नगरपालिकाको खाता संचालन सम्वन्धमा ।**

निर्णय

यस नगरपालिकामा संघिय मामिला तथा सामान्य प्रशासन मनत्रालयको च.न.६६८ मिति २०८०/०५/३१ गतेको पत्रवाट सरुवा भई आउनु भएको प्रमुख प्रशासकीय अधिकृत श्री विष्णु रञ्जन वराल र यस कार्यालयमा कार्यरत सहलेखापाल (स. स्तर चौथौ ) सुरेन्द्र कुमार यादवको संयूक्त दस्तखतवाट यस कार्यालयको सम्पूर्ण खाताहरु संचालन गर्ने र निजहरुवाट संचालन हुने खाता प्रमाणितका लागि कोष तथा लेखा नियन्त्रक कार्यालय, सिरहालाई पत्राचार गर्ने निर्णय गरियो ।

**प्रस्ताव न.२. दररेट कायम गर्ने सम्बन्धमा ।**

निर्णय

यस नगरपालिकामा आ.ब.२०८०/०८१ को लागि जिल्ला प्रशासन कार्यालय,सिरहाबाट निर्धारण भएको जिल्ला दररेटलाई नै कायम गर्ने निर्णय गरियो ।

**प्रस्ताव न.३. वडा पत्र स्वीकृत गर्ने सम्बन्धमा ।**

निर्णय

आ.ब.२०८०/०८१ को लागि यस मिचैया नगरपालिका कार्यालय र वडा कार्यालयको छुटा छुटै नागरीक वडापत्र रहने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव न.४. अधिकार प्रत्यायोजन सम्बन्धमा ।**

निर्णय

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १८(१) अनुसार आ.व. २०८०/०८१ मा यस नगरपालिकावाट संचालित विभिन्न योजनाहरुको कार्य सम्पन्न प्रतिवेदन स्वीकृत गर्न यस नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत रञ्जन वराललाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।